बैठक संख्याः ९५

मिति २०८२ साल श्रावण ०२ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेक क्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री गणेश दत्त मिश्र | प्रमुख प्रशासकीय अधिकृत | |

<u>निर्णय नं:१</u> यस दोधारा चाँदनी नगरपालिका वडा नं.०७ मा रहेको श्री लक्ष्मी मा.वि. को भवन निर्माण लागत साझेदारीमा निर्माण गर्न भारतीय राजदुतावासलाई अनुरोध गर्ने र यस पालिकाबाट लागत साझेदारी अनुसार कुल लागतको १० प्रतिसत रकम मिलान कोषबाट व्यहोर्ने निर्णय गरियो।

<u>निर्णय नं:२</u> दोधारा चाँदनी अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८२/०३/२१ गतेको निर्णय र उक्त अस्पतालको मिति २०८२/०३/२४ च.नं.५२५ को पत्रबाट सिफारिस भई आए अनुसार चालु आ.व. देखि दोधारा चाँदनी अस्पतालको आर्थिक कारोबारको संचालनको लागि खाता अस्पताल व्यवस्थापन समितिलको निर्णय अनुसार तोकिए बमोजिमको व्यक्तिहरुबाट संचालन हुने गरी अस्पताल प्रशासनबाटै खाता संचालन गर्ने निर्णय गरियो।

<u>निर्णय नं:३</u> यस दोधारा चाँदनी नगरपालिकामा काजमा खटि आएका ना.सु.श्री राजु गुरुङलाई दोधारा चाँदनी अस्पतालको प्रशासन शाखा प्रमुख भई कामकाज गर्न खटाउने निर्णय गरियो।

<u>निर्णय नं:४</u> यस दोधारा चाँदनी नगरपालिकामा रहेको ब्याकहोलोडर(जे.सि.बि.) हाल बिग्रेर मर्मत सम्भार गर्नुपरेको हुदा आर्को व्यवस्था नभए सम्मका लागि सरकारी काम बाहेक अन्य निजी कामका लागि प्रयोग नगर्ने निर्णय गरियो।